# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सञ्चालक समितिको ५४औं बैठक सम्पन्न :



नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको **युवा तथा साना व्यवसायी स्वरोजगार कोष**को सञ्चालक समितिको ५४औं बैठक मिति २०७८ कार्तिक ३० गते कोषका अध्यक्ष तथा युवा तथा खेलकुद मन्त्री माननीय श्री महेश्वर जंग गहतराज (अथक) ज्यूको अध्यक्षतामा मन्त्रालयको सभाहल, सिंहदरबारमा सु-सम्पन्न भयो । कोषका नवनियुक्त कार्यकारी निर्देशक श्री विश्व मोहन अधिकारीज्यूले बैठकमा बधाई तथा शुभकामना, प्रगति समीक्षा, कार्यक्रमको विस्तार, ब्याजदर निर्धारण, अधिकार प्रत्यायोजन लगायतका विषयहरू प्रस्तावको रूपमा छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभएको थियो । सो बैठकमा कोषको कार्यक्रम मनाङ्ग र मुस्ताङ्गमा पनि विस्तार गर्ने, कोषको लगानी सम्बन्धी कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा ३ सदस्यीय उप–समिति गठन गर्ने लगायतका निर्णयहरू भएका थिए । कोष सञ्चालक समितिको तर्फबाट कोषका नवनियुक्त अध्यक्ष तथा युवा तथा खेलकुद मन्त्री माननीय श्री महेश्वर जंग गहतराज (अथक) ज्यू तथा कोषका कार्यकारी निर्देशक श्री विश्व मोहन अधिकारीज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना ज्ञापन गरिएको थियो । कार्यकारी उपाध्यक्षको पद रिक्त रहेको अवस्थामा दीर्घकालीन असर पर्ने नीतिगत तथा कानुनी विषयहरूमा आगामी बैठकमा प्रस्ताव पेश गर्नेगरि बैठक सौहार्दपूर्ण रूपमा सम्पन्न भएको थियो ।

